**गण्डकी प्रदेश सभा**

**दशौं अधिवेशन**

**बैठक संख्या -९**

**सूचनापत्र — २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**मितिः २०८३ साल जेष्ठ २९ गते शुक्रबार**

---

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा दिनको **१ :१२** बजे प्रारम्भ भयो।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो | सुन्य समयमा माननीय गणेशमान गुरुङ, माननीय निर्मला थापा, माननीय भोजराज अर्याल, माननीय राजकुमारी भुजेल, माननीय रोशन बहादुर गाहा थापा, माननीय बिन्दु पौडेल, माननीय सीताकुमारी सुन्दास, माननीय सुशिला सिम्खडा, माननीय श्यामराजा महत र माननीय हरि बहादुर भण्डारीले समसामायिक बिषयमा आ-आफ्नो मन्तव्य राख्नुभयो |

तत्पश्चात कृषि, भूमि व्यवस्था सहकारी मन्त्रालयका माननीय मन्त्री श्री भिम बहादुर कार्कीले विभिन्न मितिमा सभाको बैठकको आकस्मिक, शुन्य र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्नहरुको जवाफ दिनुभयो।

तत्पश्चात माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको पाचौं वार्षिक प्रतिवेदन, आ.व. २०८१/०८२ सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको पाचौं वार्षिक प्रतिवेदन, आ.व. २०८१/०८२ लाई छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव सभाले सर्बसम्मतिले स्वीकृत गर्यो।

तत्पश्चात गण्डकी प्रदेश सभा, सार्वजनिक लेखा समितिका माननीय सभापति श्री सुधिर कुमार पौडेलले सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०८३ सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले सभाको अर्को बैठक मिति २०८३ असार १ गते अपरान्ह ४:०० बजे बस्ने गरी आजको बैठक दिनको **२:००** बजे स्थगित गर्नुभयो।

...................

(गोविन्द पौडेल)

प्रदेश सभा सचिव